कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: १३ | वि.सं. २०८१ बैशाख १४ शुक्रवार | नेपाल संवत: ११४४, वैशाख कृष्ण द्वितीया | Friday 26 Apr. 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

# कहिले मेटिएला वीरेन्द्रनगरको तिर्खा ?

# घटे मुहान, सुक्न थाले कुवा

◣नन्दराम जैशी

**सुर्खेत, १३ वैशाख ।**

वीरेन्द्रनगर-३ पतेनी रोडकी बर्षा भण्डारीलाई हिजोआज पानीको पिरलोले सताइरहेको छ। गर्मी मौसम सुरु भएसँगै इनार समेत सुक्न थालेपछि उनलाई खानेपानीको चिन्ता छ।

'नजिकै पानीको मुहान छैन। घरको इनार पनि सुकिसक्यो। खानेपानीका लागि जेनतेन जारको पानी त किनौंलाँ' उनले भनिन्, 'तर लुगा धुने, सौच गर्ने, नुहाउने पानी सँधै कसरी किन्ने ? खानेपानीको संकटले बस्ती नै छोडौं जस्तो लाग्छ।'

उनीजस्तै पतेनी टोलमा रहेका सबै स्थानीयको पीडा एउटै छ। हप्तौ दिनसम्म धाराको पानी आउँदैन। भएका इनाहरु पनि सुक्दै गएका छन्। त्यसैमा झन् टोल टोलमा खनिएका व्यक्तिगत बोरिङहरुका कारण पनि इनारको पानी छिट्टै सुक्न थालेको छ।

स्थानीय कालिका बिसीले भनिन्, ' यो वर्ष सिमालो जग्गामा खनिएका इनार समेत सुक्न थाले। पानीको चरम संकट पर्न थाल्यो। अन्य कुराको भन्दा दैनिक पानीको जोहो कसरी गर्ने भन्ने चिन्ताले सताउँछ।' पानीको स्रोत घट्टै गएपछि पतेनी टोलमा रहेको सार्वजनिक कुवा समेत सुक्न थालेको छ।

यो कुवामा हाल दैनिक बिहान ४ बजेदेखि राती ११ बजेसम्म पानी भर्नेको भिड लाग्छ। 'पानीको पालो कुर्दा कुर्दा दिग्क लागेर कहिलेकाँही रित्तै भाँडो लिएर घर फर्किन्छुँ' स्थानीय चन्द्रा कंडेलले भनिन, 'खानेपानी किनेर खानुको विकल्प छैन।

▶▶ बाँकी ३ पेजमा



फोटो : वीरेन्द्रनगर-३ पतेनी स्थित सार्वजनिक कुवामा पानी भर्न पालो कुरिरहेका स्थानीय । नन्दराम जैशी

## सरकारसँग नागरिक आक्रोशित

यतीबेला कर्णाली प्रदेशको राजधानी समेत रहेको वीरेन्द्रनगरमा खानेपानीको चरम संकट पर्न थालेको छ। यो समस्या यो वर्षको मात्रै होइन। वर्षौंदेखि नागरिकले भोग्दै आएका छन्। विगतका वर्षहरुमा गर्मीयाम सुरु भएसँगै मुहानमा पानीको स्रोत घटेपछि खानेपानीको अभाव सुरु हुन्थ्यो। तर यो वर्ष इनार नै सुक्न थालेपछि भविष्यमा झन् ठुलो पानीको संकट पर्ने देखिन्छ।

यस बिषयमा स्थानीय र प्रदेश सरकारले ध्यान नदिएको भन्दै नागरिक आक्रोसित भएका छन्। वीरेन्द्रनगरको खानेपानी संकट कस्ले र कहिले ? अन्त्य गर्ला भन्दै राजनीति दलबारे आलोचना सहित चर्चा पनि हुने गरेको छ। तर वर्षौं बित्यो समस्या ज्यूँ का त्यूँ छ।

यता सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्थाले वीरेन्द्रनगरमा पानी वितरण गर्दै आएको छ। तर गर्मी लागेसँगै मुहानमा पानी घटेपछि ७२ घण्टाको फरकमा पानी वितरण गर्न थालिएको संथाले जनाएको छ। संस्थाका प्रमुख डम्मर गौतमका अनुसार हिजोआज मुहानमा ४० प्रतिशत पानी घटेको छ।

संस्थाले हाल नगरका २० हजार उपभोक्तालाई खानेपानी वितरण गर्दै आएपनि मागअनुसार पानी पुऱ्याउन नसकेको गौतम बताउँछन्। संस्थाले हाल झुप्रा खोला, खरीखोला, बोरीखोला र उपत्यका आसपासका केही साना मुहानबाट ल्याइएको पानी वितरण गर्दै आएको छ।

## दिर्घकालिन समाधानको काम सुस्त

वीरेन्द्रनगरमा खानेपानी समस्या समाधानको दीर्घकालिन विकल्पका रूपमा हेरिएको भेरी लिफ्टिङ खानेपानी आयोजना निर्माणको गति सुस्त छ। यो खानेपानी परियोजना सुरु भएको ६ वर्ष बित्यो। तर निकै चर्चामा रहेको खानेपानी आयोजना सम्पन्न हुन अँझै कति समय लाग्ने हो ? पत्तो छैन।

निर्वाचनमा मतदाता रिझाउन नेताहरुको चुनावी नारा समेत बन्ने गरेको यो आयोजना निर्माणको काम भने कछुवाको गतिमा छ। पछिल्लो समय काकाकुल बनेको सुर्खेत उपत्यकामा खानेपानीको संकट टार्न यो आयोजना निर्माण हुनुको विकल्प पनि छैन। तर आयोजना निर्माणको सुस्त गतिले नागरिक आजित बनेका छन्।

भेरी लिफ्टिङ खानेपानी आयोजनामा प्रयाप्त बजेट हुदाँ हुँदै कार्यान्वयन गर्न नसक्नु सम्बन्धित पक्षको कमजोरी हो। हाल परियोजना कार्यान्वयन प्रक्रियामा आएकोले आगामी तीन वर्षभित्र वीरेन्द्रनगरमा पानी पुर्याउने लक्ष्य छ। आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) मा ढिलाई भएको हो। उपत्यकाको खानेपानी समस्याको दीर्घकालीन समाधान गर्ने उद्देश्यले विश्व बैंकको सहयोगमा भेरी लिफ्टिङ आयोजना निर्माण गर्न लागिएको हो।

▶▶ बाँकी ३ पेजमा

# वितरणमुखी वजेट प्रणालीलाई सधार्नु पर्नेछ मुख्यमन्त्री कँडेल (अन्तर्वार्ता)

◣ओम शाही

**सुर्खेत, १३ वैशाख ।**

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले संसदबाट विश्वासको मत लिएका छन्। २७ चैतमा नेकपा माओवादी केन्द्रको समर्थनमा नेकपा एमाले संसदीय दलका नेता कँडेल मुख्यमन्त्रीमा नियूक्त भएका थिए। कँडेलले बिहिबार कर्णाली प्रदेशसभाबाट विश्वासको मत लिएका हुन्। उनलाई २३ जना सांसदको समर्थन रहेको छ।

लामो प्रयासपछि कर्णालीको चौथो मुख्यमन्त्री बनेका कँडेलका सामु अवसर कम चुनौती धेरै छन्। धेरैले कर्णालीको मुख्यमन्त्रीमा देख्न चाहेका नेता पनि हुन् कँडेल। यो नै कँडेलका लागि पहिलो चुनौती हुनेछ। किनभने कँडेलसँग ठूलो जनमासले काम गर्न सक्छन् भन्ने अपेक्षा गरेको छ। यो अपेक्षा पूरा गर्नु उनका लागि ठूलो चुनौती सावित हुनेछ।

मुख्यमन्त्री नियूक्त भएको १६ दिनमा विश्वासको मत लिएका कँडेलसँग युगआह्वानले संक्षिप्त प्रतिक्रिया लिएको छ। पदभार ग्रहण गर्दै समृद्ध कर्णाली बनाउन सबै पक्षसँग हातेमालो गरी जनमुखी काम गर्ने बताएका मुख्यमन्त्री कँडेलसँग गरिएको कुराकानीको सम्पादित अंश।

**संसदमा विश्वासको मत पाउनुभएको छ। तपाईले बारम्बार वजेट प्रणाली नै ठिक छैन भन्दै आउनु भएको परिपेक्षमा अब कसरी अगाडि बढ्नु हुन्छ ?**

प्रदेशसभाबाट विश्वासको मत प्राप्त भएको छ। यसमा प्रदेशसभा र विश्वासको मत दिने र नदिने सबै मान्य सदस्यज्यूहरुलाई धन्यवाद दिन चाहन्छु। अबको एक दुई दिन भित्र पूर्ण आकारको सरकार बन्छ, र त्यो सरकारले दिनानुदिन काम त गर्छ नै मुलत आजसम्मको अनुभवका आधारबाट नीति तथा कार्यक्रम र वजेट बनाउनेतर्फ केन्द्रित भएर सरकार लाग्छ।

नीति तथा कार्यक्रमको प्राथमिकताका बारेमा अहिले नै भन्नु अलि हतारो हुन्छ। किनकी त्यो व्यक्तिले सोचेको कुरा सरकारको र सरकारले सोचेको कुरा सबै सम्बद्ध निकाय र सरोकारवालाहरुको पक्षमा बनाउनका लागि केही छलफल र परामर्शपछि मात्रै भन्नु राम्रो हुन्छ। त्यस कारण विषय के हुन्छ पछि जानकारी गराउने कुरा हुन्छ। अब सरकारले ध्यान पुऱ्याएर गर्ने काम भनेको नीति तथा कार्यक्रम र वजेट निर्माण नै हो। प्रदेश संरचना बनेको ७ वर्षसम्म योजनाको थिति बसाल्न नसक्दा सोचेको जस्तो कर्णालीको विकास हुन नसकेको अवस्था हो।

यसकारण कर्णालीको भूगोलमा सुहाउने नीति बनाउन आवश्यक छ। कर्णालीको विशेषताको आधारमा नीति बनाएर लागू गर्न सके मात्रै यहाँको विकास र समृद्धि सम्भव हुने मेरो ठम्याई हो। यसमा सर्वप्रथम योजना छनौटमा थिति बसाल्नु पर्नेछ भने गर्ने नभई वितरणउन्मुख वजेट प्रर्णालीलाई सुधार्नु पर्नेछ।



**तपाईंप्रतिको जनअपेक्षालाई कसरी पुरा गर्ने योजना बनाउनु भएको छ ?**

मुल कुरा हिजो प्रस्तुत भएका नीति तथा कार्यक्रम र वजेटमा जे सदनभित्र छलफल चलेर जुन अन्यौलताको परिस्थिती निर्माण भएको थियो, अब प्रस्तुत हुने नीति तथा कार्यक्रम र वजेट कार्यान्वयमा कुनै पनि अन्यौलता नहुने गरी वजेट प्रस्तुत गर्नेतर्फ ध्यान दिनुपर्ने अवस्था रहन्छ। वजेट निर्माण गर्दा विगतमा प्रदेशसभा भित्र भएका कुरा तथा सल्लाह, सुझावलाई ध्यान दिएर अमुर्त होइन मुर्तरुपका खासगरी आमनागरिकले अनुभुत गर्ने खालका योजनाहरु अघि बढाइने छ।

विगतमा सबैको सर्वसम्वत ढङ्गले प्रदेशसभाबाट पारित भएको विषय के हो भने साना-साना योजनामा प्रदेशले हात नहाल्ने, वितरणुमखी योजना र वजेट

▶▶ बाँकी ४ पेजमा

# सुर्खेतमा राष्ट्रिय युवा वैज्ञानिक सम्मेलन हुने

◣युग संवाददाता

**सुर्खेत, १३ वैशाख ।**

सुर्खेतमा राष्ट्रिय युवा वैज्ञानिक सम्मेलन हुने भएको छ। राष्ट्रिय युवा परिषद्को सहयोगमा कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र मध्यपश्चिम विश्वविद्यालयको सहकार्यमा यही वैशाख २७ र २८ गते वीरेन्द्रनगरमा राष्ट्रिय युवा वैज्ञानिक सम्मेलन हुने भएको हो।

खोज अनुसन्धानलाई प्रोत्साहित गर्ने उद्देश्यले कर्णालीमा पहिलोपटक युवा वैज्ञानिक सम्मेलन गर्न लागिएको कर्णाली प्रदेश सरकारले जनाएको छ। सम्मेलनमा सातवटै प्रदेशबाट युवा वैज्ञानिकलाई सहभागी गराइने कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय युवा तथा खेलकुद महाशाखा प्रमुख जहारलाल हमालले जानकारी दिए।

'विज्ञानको क्षेत्रमा भएका अध्ययन, अनुसन्धानलाई एक ठाउँमा ल्याएर अध्ययन अनुसन्धानलाई प्रोत्साहित गर्ने एउटा पाटो हो', उनले भने, 'अर्को भनेको युवा वैज्ञानिकहरूलाई एक ठाउँमा भेला गराएर अनुभव आदान-प्रदान गरी उनीहरुका अध्ययन, अनुसन्धानलाई अझै फराकिलो बनाउँदै विज्ञानको क्षेत्रमा चासो बढाउनु कार्यक्रमको उद्देश्य हो।' सम्मेलनमा सहभागी हुन चाहने १६ देखि ४० वर्ष समूहका वैज्ञानिकहरुले वैज्ञानिक खोज, अनुसन्धान, सर्वेक्षण आफ्नो वायोडाटासहित पठाउन आग्रह गरिएको छ। प्राप्त निवेदन अध्ययन गरी युवा वैज्ञानिकहरूलाई

▶▶ बाँकी ४ पेजमा

**डिपेन्डेन भिसा**

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला।

**सम्पर्क नं.:** ९७६९७७२९४४, ९७६९७७२९२३






# ‘विदेश उत्तम, स्वदेश खत्तम’ भन्ने बुझाइ गलत छ : अशोक राई




जनता समाजवादी पार्टी (जसपा) नेपाल, सङ्घीय परिषद् अध्यक्ष अशोककुमार राईले राजनीतिक नेतृत्वको मनोवृत्ति र मनोविज्ञान 'म र मेरो' भन्दा माथि उठ्न नसकेका कारण देशप्रतिको कर्तव्य निर्वाहमा इमानदारी नदेखिएको बताउनुभएको छ । उहाँले नेपालले हाल अवलम्बन गरिरहेको मिश्रित निर्वाचन प्रणाली र शासकीय स्वरूपबीच तालमेल नभएकाले मुलुकको राजनीति र सरकारको स्थायित्व नभएको राससलाई बताउनुभयो । पूर्वमन्त्री राईले भन्नुभयो, “'म र मेरो' भनिरहँदा 'मेरो देश' भन्नेचाहिँ देखिन्न । उहाँहरूमा देशप्रतिको कर्तव्य पालनामा कमी भएको हो कि भन्ने महसुस हुन्छ । अहिले हामीले अभ्यास गरिरहेको शासकीय स्वरूप र संसदीय प्रणाली पनि स्वस्थ्यकर देखिन्न ।”

झापा आन्दोलनको प्रभावबाट २०२९ सालमा वामपन्थी राजनीतिमा प्रवेश गर्नुभएका राईले तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माले)को कोअर्डिनेसन केन्द्रको २०३३ मा सदस्यता लिनुभयो । विसं २०३५ मा भूमिगत हुनुभएका उहाँ २०४६ मा नेकपा (माले)को केन्द्रीय सदस्य हुनुभयो । विसं २०४८ मा खोटाङबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित राई २०५९ मा नेकपा (एमाले) स्थायी कमिटी सदस्य र २०६५ मा सोही दलका उपाध्यक्ष हुनुभयो । विसं २०६९ मा एमाले परित्याग गरी सङ्घीय समाजवादी पार्टीका संस्थापक अध्यक्ष हुनुभएका उहाँ २०७० मा संविधानसभा सदस्य हुनुभयो । विसं २०७९ को चुनावमा सुनसरी निर्वाचन क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित राई अघिल्लो सरकारमा शिक्षा तथा विज्ञान प्रविधिमन्त्रीको जिम्मेवारीमा हुनुहुन्थ्यो । उहाँले यसअघि पनि निर्माण तथा यातायात, कानुन, न्याय तथा संसदीय मामिला र स्वास्थ्य तथा वातावरणमन्त्रीका रूपमा तीन पटक कार्यभार सम्हालिसक्नुभएको छ । उहाँका 'अँध्यारोभित्रको लिलिङ्ङ्गा' कविता सङ्ग्रह सहलेखनका रूपमा आएको छ भने 'शब्दाञ्जलि' संस्मरण, 'पहिचानमाथिको प्रश्न' अन्तर्वार्तासङ्ग्रह प्रकाशित छ । पूर्वमन्त्री राईसँग राष्ट्रिय समाचार समितिका उपप्रमुख समाचारदाता नारायण न्यौपानेले लिएको अन्तर्वार्ता ।

**– वर्तमान संसदीय अभ्यासलाई तपाईँले कसरी लिनुभएको छ ?**

अहिले हामीले गरिरहेको संसदीय अभ्यास स्वस्थ्यकर देखिन्न । पहिलो कुरा संविधान नै संसदीय र सङ्घीय दुई शासकीय प्रणाली तथा मिश्रित निर्वाचन प्रणाली रहने गरी बनाइयो । यो सम्मिश्रण संविधानमा छ । यी एकापसमा नमिल्ने विषय हुन् । मिश्रित वा समानुपातिक निर्वाचनमा जाने हो भने राष्ट्रपतीय प्रणाली राखौँ, होइन भने मिश्रित निर्वाचनले राजनीतिक स्थिरता दिँदैन भन्ने विषय संविधानसभाकै बखत नेतालाई धेरै अनुरोध गरिएको थियो। अहिले अपनाएको शासकीय स्वरूप राष्ट्रपतीय र संसदीय दुबै होइन । केही विशेषता संसदीय राखेर समावेशिताका निम्ति मिश्रित निर्वाचन प्रणाली राखेर आइयो । त्यसो भएर जतिसुकै पवित्र आकाङ्क्षा भए पनि संवैधानिक व्यवस्थाले नै अस्थिरताको विकार लिएर आएको छ । हामीले मुलुकमा ठुलो राजनीतिक परिवर्तन गरी लोकतन्त्र ल्याएका छौँ, त्यसको सुदृढीकरणका अभ्यासमा छौँ, तर हाम्रा नेताका मनोवृत्ति र मनोविज्ञान 'म र मेरो' भन्दा माथि उठ्न सकेको छैन । तर मेरो भनिरहँदा 'मेरो देश' भन्नेचाहिँ देखिन्न । उहाँहरूमा देशप्रतिको कर्तव्य मधुरो रहेको हो कि भन्ने महसुस हुन्छ ।

**– राजनीतिक दल र व्य क्ति विशेषका महत्त्वाकाङ्क्षा तथा इच्छामा भइरहने सर .को फेरबदललाई प्रणालीसँग जोड्न मिल्छ ?**

राजनीतिक स्थायित्व नहुनामा मनोवृत्तिसँगै प्रणालीको पनि दोष छ । कसैलाई मन नपर्नासाथ विश्वास र अविश्वासको खेल सुरु हुन्छ । अहिलेको निर्वाचन प्रणालीकै कारण कसैको बहुमत आउनै नसक्ने स्थिति छ । अर्कातिर मनोवृत्ति पक्ष पनि बलियो छ, बहुमत पाएका अवस्थामा पनि पाँच वर्ष सरकार चलाउन नसकेको उदाहरण छन् । दुई तिहाइ होस् वा सहज बहुमत (कम्फर्टेबल मेजोरिटी) का समयमा पनि सरकार पूरा अवधि टिकाउन र चलाउन सकिएन । प्रतिपक्षले पाँच वर्ष पर्खन र सरकारको जिम्मा लिनेबाट पूरा अवधि टिकाउन नसकेको अवस्था छ । गएको ३२ वर्षको अनुभव र अभ्यास यही छ ।

**– विधायकको मुख्य जिम्मेवारी कानुन निर्माण भए पनि पछिल्लो डेढ वर्षको अनुभव र प्रगतिको समीक्षा गर्दा कार्यसम्पादन कमजोर देखिएको छ, यसमा तपाईँको टिप्पणी के छ ?**

संसद् परिणाम दिने गरी कानुन निर्माण गर्न कमजोर छ । यसमा संसद् र सांसद दोषी छैनन् । सरकारले 'बिजनेस' दिँदैन भने संसद्ले के बनाउने भन्ने प्रश्न उब्जन्छ । संसद्लाई 'बिजनेस' सरकारले दिने हो । सरकार नै अस्थिरतामा रहन्छ भने कानुन कसरी बनाउन सक्छ ? संसदमा भएका विधेयकमाथि समितिमा छलफल चलि नै रहेका छन् । अरू 'बिजनेस' गएको छैन । संविधान कार्यान्वयनसँग जोडिएका ऐन कानुन पहिलो प्राथमिकतामा राख्नुपर्ने हो, त्यो भएको छैन । सरकारको अस्थिरतासँगै मन्त्रीमा हुने फेरबदलले कानुनमा ढिलाइ र अन्योलको अवस्था देख्छु । म केहीअघिसम्म शिक्षामन्त्रीका रुपमा कार्यरत थिएँ । त्यहाँ गएपछि मुलुकको शिक्षा प्रणालीमा अलमल र समस्या ऐन कानुनमा देखेँ । देशको समग्र शिक्षा र विज्ञान प्रविधिसँग सम्बन्धित ११ ऐन कानुन संशोधनका लागि सदनमा लगिएको थियो, सरकार फेरियो त्यो विषय अलमलमा परिहाल्यो । आगामी अधिवेशन बजेटमा केन्द्रित हुन्छ ।

**– स्थायी सरकारका रुपमा रहेको कर्मचारीतन्त्रबाट पनि आवश्यक सहयोग भएन भन्ने कतिपय नेताको गुनासो सुनिन्छ । यसमा तपाईं के भन्नुहुन्छ ?**

हो, निजामतीतन्त्रमा अदब, अनुशासन र कार्यसम्पादन विगतका तुलनामा कमी छ । 'सरकारको काम कहिले जाला घाम' भनेजस्तो शिथिल अवस्था देखिन्छ । प्राप्त जिम्मेवारी कसरी छिटो सक्ने भन्ने हुटहुटी कम छ । व्यक्तिगत रूपमा केही सक्रिय, इमान्दार र पूरापुर काम गर्नुपर्छ भन्ने भावना देखिन्छ । तर समग्रमा कर्मचारीतन्त्रको 'नट बोल्ट' खुकुलोअर्थात् ढिलाढाला जस्तो छ । सही ढङ्गबाट नचलिरहेको जस्तो देखिन्छ । अन्तर-मन्त्रालय समन्वय जति हार्दिकतापूर्ण र तीव्र हुनुपर्थ्यो, त्यो पाइँन । रायका लागि पठाइएको फाइल तीन महिनादेखि तीन वर्षसम्म मन्त्रालयमा रोकिएर बस्ने अवस्था छ । नहुने भए त्यस समयमा हुन्न भन्नुपर्‍यो, हुने भए समयमै गर्न र बताउनुपर्‍यो । त्यस खालको समस्या देखियो । म चार वटा क्याबिनेटमा बस्दा त्यो भिन्नता पाएँ ।

**– स्थायी सरकारका रूपमा रहेको राज्यको यो संयन्त्र किन कमजोर भयो ?**

हामीले कर्मचारीतन्त्रलाई राजनीतिकरण गर्‍यौँ । हरेक दलले आफ्ना समर्थकलाई गोप्यरूपमा सदस्य दिएर ट्रेड युनियन खोल्न लगायौँ । सामूहिक स्वार्थका लागि बोल्न एउटा ट्रेड युनियन दिन सकिन्थ्यो होला, तर हरेक राजनीतिक दलले कर्मचारी आफ्नो बनाउने होड चलायो । कर्मचारी संयन्त्रमा राजनीति प्रवेश गर्‍यो । कर्मचारीमा राष्ट्र, राष्ट्रियता, जनताप्रतिको कर्तव्य, ऐन कानुन, विधिभन्दा बढी मेरो पार्टी भन्ने मनोविज्ञान दिमागमा हुलिदियौँ । अर्को भनेको, भ्रष्टाचार नियन्त्रण गर्न सकिएन । राजनीतिक नेताले पनि भ्रष्टाचार बेसरी गर्ने अनि कर्मचारीलाई पनि औजारका रूपमा प्रयोग गर्ने प्रवृत्ति छ । त्यस कारण राम्रा, इमान्दार कर्मचारी निरुत्साहित हुन पुगे । भ्रष्टाचार र अवसर प्राप्तिका निम्ति त्यस्तै खालका मानिसको प्रयोगले इमान्दारको उनीहरूको मनोबल खस्कियो । अर्कातर्फ अहिलेका निजामती कर्मचारी लोकसेवा उत्तीर्ण भए पनि समस्यालाई बुझ्ने र समाधानका उपाय निकाल्ने क्षमतामा कमी छ । अबको भर्ना छनोट प्रक्रियामा सुधार गर्नुपर्छ । घोकेर, रटेर पाठ्यक्रमभित्रको प्रश्नलाई कण्ठ गर्नेभन्दा सिर्जनात्मक परीक्षण विधि थप्नुपर्छ । कर्मचारीलाई चुस्त तुल्याउन समयबद्ध तुल्याउन तालिम दिनपर्छ ।

**– स्थायी सरकारका सदस्यका रूपमा रहेका कर्मचारीको वृत्ति विकास, सरुवा र जिम्मेवारीमा पनि समस्या छ ?**

कर्मचारीलाई दक्ष, योग्य, कार्यकुशल बनाउनु सरकारको दायित्व हो । समयबद्ध तरिकाले तालिम, प्रशिक्षण, सरुवा र बढुवाको आवश्यकता छ । लामो समयदेखि एकतात्मक शासन प्रणालीको अभ्यास गरिआएकाले उनीहरूलाई सङ्घीयताको मर्म र भावना बुझाउन सकिएको छैन । सङ्घीयताको मर्म र भावनाबारे तालिम-प्रशिक्षण तथा विद्यालयको पाठ्यक्रममा समावेश गर्नुपर्छ । सङ्घीयता किन उत्कृष्ट शासन व्यवस्था हो, यो नेपालमा किन जरुरी छ भन्ने पाटो नबुझेर विरोध गरिएको छ । सङ्घीयतासँग सम्बन्धित करिब डेढ सय कानुन अझै बनाउन सकिएको छैन । त्यसैले प्रदेश कमजोर अवस्थामा छन् । प्रदेश टिकाइ मात्र राख्ने, काम गर्न नपाउने जस्तो अवस्था छ । सङ्घीयताको असल अभ्यास गर्ने हो भने सोहीअनुरूप ऐन, कानुन र संविधान संशोधन गरी कार्यान्वयन गर्नुपर्छ । त्यसका लागि कर्मचारीतन्त्रको पुरानो मनोविज्ञान र धङधडीलाई सङ्घीयतातर्फ उन्मुख गराउनुपर्छ । सङ्घले प्रदेश र स्थानीय तहलाई अधिकार नै दिन नचाहने प्रवृत्ति नेता र कर्मचारीमा छ । सरकार बाहिर बस्दा सङ्घीयता भन्ने तर सरकारमा गएपछि अधिकार किन दिने भन्ने प्रवृत्ति छ । यो अधिकार ऐन कानुन निर्माण गरेर हस्तान्तरण गर्नुपर्छ ।

**– उपलब्धिको रक्षा र संविधानको प्रभावकारी कार्यान्वयनका लागि देशका प्रमुख शक्तिबीच एकता नभएको आरोप छ । तपाईँलाई केही भन्नुछ ?**

पाखुरा सुर्किएर झगडा गर्ने नेपाली समाजको प्रवृत्ति सदनमा पनि देखिन्छ । त्यो नभई दिए हुन्थ्यो भन्ने लाग्छ । एउटै कुरालाई अनेक कोणबाट प्रस्तुत गर्न सकिन्छ । सदनमा आफ्ना विषयवस्तु रोचक, घोचक र मननीय हिसाबले प्रस्तुत गर्न सकिन्छ । सदन खण्डनमण्डनभन्दा पनि राष्ट्रको मनन र चिन्तन गर्ने थलो हो । त्यहाँ नेतृत्वले नरम र उदाहरणीय ढङ्गबाट प्रस्तुत भइदियोस् भन्ने लाग्छ । नेता सदमार्ग देखाउने अगुवा हो । ऊ समाज र जनतालाई असल मार्ग देखाउने हिस्साबाट प्रस्तुत हुनुपर्छ । विगतमा संसदीय अभ्यास नजानेर, नबुझेर गलत कार्य भए । तर यसबीचमा सदनमा अलि बढी नै तहसम्म गयो कि भन्ने छ । सदनमा एउटाले बोलेको अर्काले खण्डन गरिरहनुपर्ने होइन । सदन वाद विवादको मञ्च होइन, त्यो खासमा जनताको आवाज राख्ने मञ्च हो, कानुनसम्बन्धी छलफल गर्ने स्थल हो । सभामुखतर्फ मुख फर्काएर बोल्नुपर्नेमा अर्कैतर्फ मुख फर्काएर बोलेकोजस्तो देखिन्छ ।

**– संसद् र विषयगत समितिका बैठक गणपूरक सङ्ख्या नपुगेर स्थगत हुनु सांसदको कर्तव्य र अनुशासनसँग सम्बन्धित विषय होइन ?**

सांसदले आफ्नो जिम्मेवारी नबुझ्नुमा समस्या छ । विधायकले ऐन कानुन निर्माणको मूल भूमिका निर्वाह गर्नुपर्छ । जनताको अपेक्षा पानीको धारादेखि विश्वविद्यालयसम्मका लागि बजेट, कार्यक्रम र आयोजना ल्याउनुपर्छ भन्ने छ । जनताको इच्छामा मेरो जिम्मेवारी होइन भन्न सक्ने अवस्था छैन । त्यो भएर मन्त्रीलाई भेट्न मन्त्रालय धाउनुपर्ने स्थिति छ । हामी सबै धाइरहेकै छौँ । अहिलेको मानसिकता, प्रक्रिया र पद्धति नफेरिइन्जेल धाउनुपर्ने नै होला नि । समितिमा कोरम नपुग्ने विषय भने लाजमर्दो छ । समितिका बैठक छाड्नै हुन्न, अनिवार्य उपस्थित हुनुपर्छ । समितिमा अर्को गलत अभ्यास धेरैजसो सांसद सुरुमा हात उठाएर बोल्ने अनि हिँडिहाल्ने छ, त्यो हुनहुन्न । गहन र मसिनो छलफल गरी उपयुक्त निर्णय गर्नुपर्छ । त्यो नहुँदा गुणात्मक नीति र कानुन बनाउन हामीले ध्यान दिएका छैनौं भन्ने लाग्छ ।

**– प्रत्येक सरकारको प्राथमिकता सुशासन प्रवर्द्धन हो तर भ्रष्टाचार किन नियन्त्रण हुन सकेन ?**

भ्रष्टाचार भनेको मनोवृत्ति हो । अन्त्यन्त सम्पन्न मुलुकका नेता र नेतृत्व पनि भ्रष्टाचारमा मुछिएको देखिन्छ । यो पैसाको लेनदेन मात्रै पनि होइन, नीतिगत भ्रष्टाचार पनि धेरै छ । यो पाप र लोभसँग सम्बन्धित छ । लोभी मनोवृत्ति भएका मानिस पाप गर्न पुग्छन् । भ्रष्टाचार प्रणालीगत रूपमा संस्थागत भएको प्रतिवेदन र सेवाग्राहीले बताइरहेका छन् । तलदेखि माथिसम्म कमिसनतन्त्र मौलाउँदो छ । अर्कातर्फ प्रत्यक्ष निर्वाचन प्रणालीले पनि भ्रष्टाचारलाई बढाउने काम भइरहेको छ । निर्वाचनमा विभिन्न शक्ति, व्यक्ति र प्रवृत्तिले खर्च गरिरहेका हुन्छन् । हालको निर्वाचन प्रणालीले पार्टीलाई पैसा चाहिने अवस्था सिर्जना गरेको छ । त्यसका लागि उद्योगी, व्यापारीबाट चन्दामार्फत खर्च जुटाइन्छ । चन्दा लिने र दिने भएपछि नेताहरू दबाबमा पर्छन् । त्यो भएर हामीले प्रत्यक्ष निर्वाचन हटाएर समानुपातिकमा जाऔँ भनिरहेका छौँ । यसले समावेशीतालाई पनि सुनिश्चित गर्छ । प्रत्यक्ष निर्वाचित राष्ट्रपति बनाऔँ । सांसदबाट मन्त्री नबनाउने, स्वच्छ छवि भएका व्यक्तिलाई लैजाने व्यवस्था हुनुपर्छ । सरकारलाई स्थायित्व दिऔँ, भ्रष्टाचारलाई स्रोतमै रोकौँ भनेर संविधानसभामा म धेरै कराएँ । अहिले अभ्यासमा रहेको शासन प्रणाली 'कक्टेल'जस्तो भयो, निर्वाचन पनि ठिमाहा बनाइयो । मिश्रित निर्वाचन प्रणाली विकृतिपूर्ण छ । यसले लेनदेनको अवसर गराउँछ । अब पूर्ण समानुपातिक प्रणाली अवलम्बन गर्नुपर्छ ।

**– नेपालीले संसारमै विश्वासिलो छवि बनाएका छन् तर यहाँको राजनीतिप्रति अविश्वास किन ?**

बेरोजगारी समस्या र रोजगारीको अभावले पनि विदेश जाने युवा-विद्यार्थीको सङ्ख्या बढेको छ । आजको संसार विज्ञान, प्रविधि, यातायातका हिसाबले जोडिएर एउटा गाउँ र परिवारजस्तो भएपछि आवतजावत बढ्यो । अहिले जो जहाँ पनि पुग्न सक्ने अवस्था बन्यो । विकसित मुलुकमा न्यूनतम तलब-सुविधामा काम गर्ने श्रमिकको अभाव भयो । उनीहरूले हाम्रा मानिसलाई रोजगारी दिन थाले, अर्कातर्फ हाम्रो अर्थतन्त्र पनि कमजोर भयो ।

तुलनात्मक रूपमा विदेश गएकाहरूले बढी पैसा ल्याउन थाले । त्यो व्यक्ति गाउँमा जाँदा फुर्तीफार्ती बढ्यो, अनि अरू पनि त्यसबाट लालायित हुन पुगे । 'विदेश उत्तम, स्वदेश खत्तम' भन्ने मनोवृत्ति मौलाउँदै गयो । अनि ठूलो संख्यामा युवा-विद्यार्थी विदेश दौडन थाले । त्यसलाई रोक्न मनोवैज्ञानिक रूपमा देशप्रेम भर्नुपर्छ । अवसर यहीँ सिर्जना गर्नुपर्छ, अर्थतन्त्र सुदृढ गर्नुपर्छ । राज्य व्यवस्थाभित्रको ढिलासुस्ती, भ्रष्टाचार तथा सेवाग्राहीलाई हेप्ने र दुःख दिने प्रवृत्ति अन्त्य गर्नुपर्छ । स्वदेशका विश्वविद्यालयले समयमै अध्ययन-अध्यापन गराउने, परीक्षा लिने व्यवस्था गर्नुपर्छ, राष्ट्रभक्ति दिने शिक्षा दिलाउनुपर्छ । त्यो अनुभूति गराउनुपर्छ । तर यहाँ मुड्की बजाएर नेता हुने प्रवृत्ति छ । अब्बल विद्यार्थी नेता हुने अवस्था अहिले देखिन्न । गुण्डागर्दी गर्ने, तालाबन्दी गर्ने, प्राध्यापक कुट्ने नेता हुने प्रवृत्ति छ । त्यसो भएर असल र मेहनतीको विदेश पलायन बढेको हो ।

**– एउटा व्यक्तिले सङ्कल्प गरेमा देशको विकास सम्भछ भन्ने छिमेकी मुलुकहरूको प्रगतिबाट प्रष्ट हुन्छ । तपाईंबाट पनि जनताले त्यही आशा गरेका छन् । के भन्नुहुन्छ ?**

मलेसिया र सिङ्गापुरको जस्तो उदाहरण विद्यमान शासन प्रणालीबाट नेपालमा एउटा व्यक्तिले गर्न र दिन सक्ने अवस्था छैन । राष्ट्रपतीय प्रणालीमा जाँदा आफूअनुकूलको मन्त्रिमण्डल बनाउन सकिन्छ । त्यस प्रणालीका आधारमा मात्र एउटा सज्जन, इमान्दार व्यक्तिको छनोट भएमा मुलुक बन्ने आधार तयार हुन्छ । अहिलेको प्रणालीमा एउटा नेता जतिसुकै सज्जन भए पनि केही लाग्दैन । खुट्टा तानेर लडाइदिन्छन् । शासकीय स्वरूपमा परिवर्तन गर्नैपर्छ । स्थानीय तहलाई पार्टी बाहिर राख्नुपर्छ । स्थानीय सरकारलाई सेवाग्राहीलाई सेवा उपलब्ध गराउन र विकास निर्माणमा संलग्न गराउनुपर्छ ।

**– अन्त्यमा, केही भन्नुछ ?**

मतदाताले पनि मुलुकलाई सही ढङ्गले मार्गनिर्देश गर्न सक्ने नेतृत्व रोज्नुपर्छ । जनताले खोजिरहेको विकल्प उनीहरूको चाहनाअनुसारको नपर्ने हो कि भन्ने मलाइ लागेको छ । निरास नै हुनुपर्ने अवस्था छैन । मुलुकले चाहेको जस्तो नेता मतका माध्यमबाट जन्माउनुपर्छ । त्यो क्षमता जनतामा छ । ती नै सर्वशक्तिमान् छन् । चित्त नबुझेका नेता र पार्टीलाई फालिदिने शक्ति उनीहरूमा छ । उनीहरूले त्यो अस्त्र प्रयोग गर्न सक्नुपर्छ । *(राष्ट्रिय समाचार समिति)*

## विदेश

### दक्षिण कोरियाद्वारा पहिलो पृथ्वी नानोस्याटेलाइट प्रक्षेपण

**सोल, १३ वैशाख (रासस/एएफपी) ।**

दक्षिण कोरियाले पहिलो पृथ्वी नानोस्याटेलाइट प्रक्षेपण गरेको छ ।

सन् २०२७ सम्ममा उपग्रह समूह बनाउने योजनाको हिस्साका रूपमा दक्षिण कोरियाको स्थानीय रूपमा विकसित पृथ्वी अवलोकन नानोस्याटेलाइट (सानो उपग्रह) लाई न्युजिल्यान्डको एक अन्तरिक्ष केन्द्रबाट प्रक्षेपण गरिएको हो ।

विज्ञान तथा सूचना प्रविधि मन्त्रालयका अनुसार बुधबार नियोनस्याट- १ नामको उपग्रहलाई सफलतापूर्वक प्रक्षेपण यानबाट अलग गरिएको छ । रकेट ल्याब्स इलेक्ट्रोन रेकटमा दक्षिण कोरियाली समयानुसार बुधबार माहिया स्पेसपोर्टबाट उपग्रह प्रक्षेपण गरिएको थियो ।

नियोनस्याट- १ एघार नानो उपग्रहमध्येको एक हो । यसलाई दक्षिण कोरियाले उपग्रह समूह बनाउनका लागि प्रयोग गर्ने योजना बनाइरहेको छ । यसले कोरियाली प्रायद्वीप र त्यस वरपरका क्षेत्रहरूको निगरानी गर्नेछ र तस्बिर लिएर सरकारलाई राष्ट्रिय सुरक्षामा आउने कुनै पनि



धम्की, प्राकृतिक विपत्ति वा कुनै पनि खतराको तुरुन्त प्रतिक्रिया दिन सहयोग गर्नेछ ।

दक्षिण कोरियोले सन् २०२६ जुनमा थप पाँच नानोस्याटेलाइट प्रक्षेपण गर्ने र सन् २०२७ सेप्टेम्बरमा स्वदेशी नुरी अन्तरिक्ष रेकटमा अन्य पाँचवटा नानोस्याटेलाइट प्रक्षेपण गर्ने योजना बनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – आज धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्नेछ । प्रेमीको सुझाव अनुरूप कार्य सम्पन्न पनि गर्न सकिनेछ ।

**वृष** – आज रोकिएका काम पूरा हुन सक्छ । धार्मिक क्षेत्रको भ्रमण हुनसक्छ । करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

**मिथुन** – महत्त्वपूर्ण कामको थालनी हुनेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । लक्ष्मी प्रसन्न हुने योग पनि छ ।

**कर्कट** – स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ । सामान हराउने वा चोरी हुने सम्भावना छ । अभिभावकको सल्लाहअनुरूप चल्न सके समस्याबाट मुक्त हुन सकिनेछ ।

**सिंह** – सामूहिक तथा रमाइलो सफल यात्रा हुनेछ । ठीक समयमा सही निर्णय लिन सकिनेछ । व्यवसायमा सफलता र आर्थिक सहयोग पनि मिल्नेछ ।

**कन्या** – रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । लाभदायक यात्रा होला, तर पुँजी बजार भने कमजोर रहला ।

**तुला** – धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम सुरु गर्ने समय छ । चलाखीपूर्ण कार्य सिद्ध हुनसक्छ । भाग्यले विभिन्न अवसरपनि जुराउनेछ ।

**वृश्चिक** – आज स्वास्थ्यमा खर्च बढ्नेछ । यात्रामा मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ । शरीरमा स्फूर्ति र उमङ्गको कमी हुनेछ ।

**धनु** – स्वादिष्ट भोजनको विशेष अवसर मिल्नेछ । सवारी साधन खरिद गर्ने योग छ । आज पहेँलो रङ्गको पहिर गर्नाले विभिन्न समस्याबाट जोगाउन सक्छ ।

**मकर** – आज एकपछि अर्को अवसर आउनाले मनमा प्रसन्नता छाउनेछ । घरमा अतिथिको आगमन हुनेछ । साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् ।

**कुम्भ** – आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा राम्रै धनलाभ पनि हुनेछ ।

**मीन** – जिद्दीपनाले गर्दा काम बिग्रने र आफूलाई कमजोर भएको अनुभूति हुनेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ, तर साँझमा साथीको सहयोग पाइनेछ ।

# राजबहादुर हत्याका मुख्य आरोपी 'टाइगर' भारतबाट पक्राउ, विवरण दिन प्रहरीद्वारा आनाकानी

**युग संवाददाता**
**सुर्खेत, १३ चैत्र ।**

अखिल क्रान्तिकारीका अध्यक्ष पञ्चा सिंह मुछिएको एक हत्या घटनाका मुख्य आरोपीलाई प्रहरीले १६ वर्षपछि भारतबाट पक्राउ गरेको छ।

२०६५ फागुन २६ गते बेलुका हत्या गरिएका कालिकोटका १७ वर्षीय राजबहादुर मल्लको हत्यामा संलग्न रहेको आरोप लागेका कालिकोटको महावै गाउँपालिका स्थायी ठेगाना भएका टाइगर भनिने पदमबहादुर रावतलाई प्रहरीले भारतको हिमाञ्चल प्रदेशबाट पक्राउ गरेर ल्याएको हो।

प्रहरी स्रोतका अनुसार रावतलाई बुधबार सुर्खेत ल्याइ पुऱ्याइएको छ। मल्लको हत्या घटनामा टाइगरसहित अखिल क्रान्तिकारीका अध्यक्ष सिंह, गुराँस भनिने बालकृष्ण सिंह, टंकबहादुर सिंह, कालिकोटकै खाडाचक्र नगरपालिकाका सुभाष भनिने वीरबहादुर मल्ल र अशोक भनिने अली कार्कीविरुद्ध बुवा नन्दबहादुरले २०७९ साउन १३ गते पूरक जाहेरी दिएका थिए।

नागरिक न्युजले गत माघ ४ गते १६ वर्षअघि भएको हत्या घटनाको समाचार प्रकाशन गरेपछि सुर्खेत प्रहरी किटानी जाहेरीमा नाम उल्लेख भएका छ जनाविरुद्ध पक्राउ पुर्जीका लागि अदालत पुगेको थियो। अदालतले माघ ७ गते पक्राउ पुर्जी जारी गरेको थियो। प्रहरीले त्यसअघि जिल्ला अदालतबाट २०७९ साउन १३ गते पनि पक्राउ पुर्जी लिएको थियो।



जिल्ला प्रहरी कार्यालयकाअनुसार रावतलाई हिरासतमा राखेर अनुसन्धान भइरहेको छ। 'किटानी जाहेरीमै मुख्य अभियुक्त भनेर उल्लेख गरिएकाले उनको खोजीमा थियौँ, भारतको हिमाञ्चल प्रदेशमा रहेको जानकारीपछि भारतीय प्रहरीसँगको समन्वयमा पक्राउ गरेर ल्याएका छौँ,' एक प्रहरी अधिकारीले भने, 'घटना अनुसन्धानकै क्रममा रहेकाले थप विवरण दिन मिल्दैन।'

प्रहरीले मुख्य अभियुक्त पक्राउ परेपछि मात्रै अन्यलाई पक्राउ गरेर कारबाही प्रक्रिया अघि बढाउने बताउँदै आएको थियो। कालिकोटको पाखाबाट एसएलसीमा प्रथम भएपछि उच्च शिक्षा अध्ययनका लागि राजबहादुर सुर्खेत झरेका थिए। नन्दबहादुर र गोरीकलाका पाँच सन्तान मध्ये राजबहादुर साइँलो छोरा थिए। उच्च शिक्षा अध्ययन गर्न सुर्खेत झरेका उनी विद्यार्थी राजनीतिमा पनि सक्रिय थिए। स्वतन्त्र विद्यार्थी युनियनको सचिव भएपछि उनको राजनीतिक सक्रियता अझ बढेको थियो।

उनी स्ववियूको सचिव हुँदा माओवादी निकट अखिल क्रान्तिकारीका विद्यार्थीहरूसँग उनको विवाद बढेको थियो। 'गाउँमा आफूसँगै ६-७ कक्षा पढेर छोडेपछि माओवादी बनेकाहरू भारतबाट नक्कली शैक्षिक प्रमाणपत्र ल्याएर विद्यालयमा उच्च शिक्षाका लागि भर्ना भएको विषयमा छोरा (राजबहादुर) माओवादी कार्यकर्ताबीच विवाद थियो,' बुवा नन्दबहादुरले भने, 'त्यहीँ विवादले मेरो छोराको ज्यान लिएको हो।'

पछिल्लो पटक प्रहरीले किटानी जाहेरी दिएकाहरूविरुद्ध पक्राउ पुर्जी जारी गरेपछि नन्दबहादुर न्यायको खोजीमा काठमाडौँ पुगेका थिए। उनले प्रधानमन्त्री पुष्पकमल दाहालसहितलाई न्यायका लागि भेट्न खोज्दा पनि उनले भेट पाएनन्। हत्या आरोपीमध्ये वीरबहादुर मल्ल हत्या गरिएका राजबहादुरका छिमेकी हुन्। उनी पहिलो स्थानीय तहको निर्वाचनमा खाडाचक्र नगरपालिका-९ बाट वडाध्यक्षका उम्मेदवार थिए। अर्का आरोपी अशोक भन्ने अली कार्की गाउँमै शिक्षण पेसा गरिरहेका छन्।

सुर्खेतमा जन माविमा पढ्दै गरेका राजबहादुरको २०६५ फागुन २६ गते बेलुका आठ बजेतिर सुर्खेत बसपार्कमा खाना खाएर कोठातर्फ जाँदै गरेको बेला खुकुरी प्रहार गरेर हत्या गरिएको थियो।

हत्या लगत्तै मृतक राजबहादुरका काका नवराज मल्लले सुरुको जाहेरी दिएका थिए। जाहेरीमा टाइगर भनिने पदमबहादुर रावतले राजबहादुरमाथि खुकुरी प्रहार गरेको उल्लेख छ। मृतकका बुवा नन्दबहादुरले छोराको हत्यामा उल्लेखित छ जनासहित नाम, ठेगाना नखुलेका दैलेखका दुई संलग्न रहेको भन्दै २०७९ साउन १३ गते पूरक जाहेरी दिएका थिए। हत्या घटनापछि प्रहरीले ३२ जनालाई अनुसन्धान अधिकृत तोकेको छ।

(नागरिक)

# भेरी करिडोरमा तीनवटा पक्की पुल निर्माण हुँदै

**युग संवाददाता**
**डोल्पा, १३ वैशाख ।**

भेरी करिडोरमा तीनवटा पक्की पुल निर्माण हुने भएका छन्। मूल्य अभिवृद्धि करसहित ३६ करोड २४ लाख ८६ हजार सात सयको लागतमा सङ्घीय सरकारले ती पुल निर्माण गर्न लागेको हो।

रुकुम पश्चिम आठबिसकोट नगरपालिका र जाजरकोटको नलगाड नगरपालिकाको सीमा क्षेत्रमा पर्ने तल्नुबगर, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-५ मा पर्ने खदाङ, सोही पालिकाको वडा नं १ छलगाडमा पक्की पुल बन्न लागेको त्रिपुरासुन्दरी नगरपालिकाका प्रमुख जनचन्द्र रोकायले बताए।



चितवन भरतपुरस्थित वाइपी, एमआर जेविले निर्माणको जिम्मा लिएको तीनवटै पुल ४२ महिनभत्र पूरा गर्ने सम्झौता भएको छ। तल्नुबगरमा पुल निर्माण सुरु भइसकेको र खदाङ र छलगाड खोलामा केही महिनाभित्रै काम थालिने निर्माण कम्पनीले जनाएको छ।छलगाड खोलमा निर्माण हुने पुलको वातावरणीय प्रभाव मूल्याङ्कनबारे सार्वजानिक सुनुवाइ कार्यक्रम सम्पन्न गरिएको छ। सुनुवाइका क्रममा त्रिपुराकोटका स्थानीयले तल्नुबगर र रुपगाड खोलमाजस्तो पुल निर्माणमा ढिलासुस्ती नगर्न सम्बन्धित पक्षलाई सचेत गराएका थिए। सार्वजनिक सुनुवाइ भए पनि आयोजनाका वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अझै स्वीकृत नभएको बताइएको छ।

# महावै गाउँपालिका उपाध्यक्षसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**युग संवाददाता**
**सुर्खेत, १३ वैशाख ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कालीकोटको महावै गाउँपालिकाका तत्कालीन उपाध्यक्ष मनराज शाही र निमित्त प्रमुख प्रशासकीय अधिकृत गणेशमान सिंहसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

उनीहरूबाट ३८ लाख ७६ हजार २७० रुपैयाँ भ्रष्टाचार भएको भन्दै अख्तियारले बिहीवार विशेष अदालतमा मुद्दा दायर गरेको हो ' उपाध्यक्ष शाही लगायतले महावै गाउँपालिकास्थित सिमखेतदेखि ओदा जाने सडक अन्दाजी २५ मिटर मात्र डोजरले खनेर मान्छेले काम गरेको बिल बनाउन लगाएको एवं बास्तविकभन्दा धेरै परिमाणको काम भएको देखाई बढी रकम भुक्तानी लिएको पाइएको छ,' अख्तियारले जारी जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

उक्त गाउँपालिकाका तत्कालीन इन्जिनियर रुद्रबहादुर वली, सब-इन्जिनियर हरिप्रसाद पाण्डेय, वडा नं. २ का तत्कालीन वडाध्यक्ष गौकला सिंह, उपभोक्ता समितिका अध्यक्ष अंकल सुनार, कोषाध्यक्ष जर्मकला काफ्ले र सचिव ददि भनिने दधि कामी र गाउँपालिकाका लेखापाल मलिम रावतविरुद्ध मुद्दा दायर भएको हो। सबै जना विरुद्ध समान ३८ लाख ७६ हजार २७० रुपैयाँ बिगो कायम गरिएको अख्तियारका प्रवक्ता नरहरि घिमिरेद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

# सिकाई उपलब्धी अभिवृद्धि गर्न अन्तरक्रिया

**युग संवाददाता**
**सल्यान, १३ बैशाख ।**

सल्यानको छत्रेश्वरी गाउँपालिकामा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि वृहत अन्तरक्रिया, छलफल र प्रगति समिक्षा गरिएको छ। शैक्षिक गुणस्तर अभिवृद्धि र शैक्षिक सत्र २०८१ मा सिकाई उपलब्धी अभिवृद्धि गर्ने सन्दर्भमा जनप्रतिनिधी एवम् विद्यालयका प्रधानाध्यापकहरुका विचमा छलफल सम्पन्न भएको हो।

कार्यक्रममा छत्रेश्वरी गाउँपालिकाका ४३ विद्यालय मध्ये ३९ वटा सामुदायीक र ३ वटा संस्थागत विद्यालयका प्रधानाध्यापकहरुले कक्षागत र विद्यालयको सिकाई उपलब्धी प्रस्तुतीकरण गरेका थिए।

त्यस्तै शैक्षिक सत्र २०८० मा गरिएको ३८ बुदे कार्यसम्पादन करार सम्झौताको समिक्षा गरिएको थियो भने शैक्षिक सत्र २०८१ का लागि हाल सम्म भर्ना भएका विद्यार्थीको तथ्यांक लिइएको शिक्षा, युवा तथा खेलकुद विकास शाखाका प्रमुख केशर बहादुर वलीले जानकारी दिए। आगामी दिनमा विद्यालय अनुगमनलाई चुस्त दुरुस्त बनाउने निर्णय संगै छत्रेश्वरी शैक्षिक पात्रो, २०८१ पनि सार्वजनिक गरिएको उनले जनाए।

सिकाई उपलब्धी अभिवृद्धि र विद्यालय सुधारका लागि गाउँपालिकाका अध्यक्ष ओज बहादुर बुढाथोकी र उपाध्यक्ष बुद्ध कुमारी खत्रीले आवश्यक निर्देशन प्रदान गरेका थिए। गाउँपालिकाका प्रवक्ता तथा वडा नं. ५ का वडाध्यक्ष फौद बहादुर बस्नेत, वडा नं. २ का वडा अध्यक्ष प्रेम बहादुर नेपाली, ३ का वडाध्यक्ष तिर्थराज दाहाल, ४ का वडाध्यक्ष छविलाल खत्री, वडा नं. ६ का वडाध्यक्ष टिकाराम बुढा लगायत कार्यक्रममा सहभागि थिए।

# युटुब पत्रकारितामा आचार संहिता अनिवार्य छ : अध्यक्ष बस्नेत



**युग संवाददाता**
**सुर्खेत, १३ वैशाख ।**

नेपाल प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले युट्युबको माध्यमबाट पत्रकारिता गर्नेहरूले पत्रकार आचारसंहिताको पालना अनिवार्य भएको बताएका छन्। बिहिबार सुर्खेतमा काउन्सिलद्वारा आयोजित पत्रकारितामा युटुभ र आचार संहिताको सवाल विषयक अन्तरक्रियामा अध्यक्ष बस्नेतले युट्युबमार्फत मर्यादित पत्रकारिता हुनुपर्ने बताएका हुन्।

पत्रकारितामा युट्युब भूमिका बढ्दै गएको उल्लेख गर्दै उनले नेपालको पत्रकारितामा युट्युबको प्रत्यक्ष प्रभाव बढ्दै गएकाले पत्रकारिता गर्ने हो भने युट्युबको सञ्चालन व्यवस्थित गर्न जरूरी भएको बताए।

'तपाईंहरू युट्युबबाट नै पत्रकारिता गर्छु भन्ने सोच्नुभएको छ भने पत्रकारिताका मूल्य र मान्यताअनुसार चल्नुस्। पत्रकारिता कर्म गर्नुस्। कसैले तपाईंमाथि प्रश्न उठाउँछ भने हामी साथमा छौँ,' उनले भने।

प्रेस काउन्सिल सबै पत्रकारको अभिभावक संस्था भएकाले युट्युबमार्फत पत्रकारिता गर्नेको पनि अभिभावक भएको प्रस्ट पार्दै अध्यक्ष बस्नेतले युट्युबका माध्यमबाट हुने पत्रकारितामा देखिएका समस्या समाधान गर्ने विषयमा काउन्सिलले सधैँ गम्भीरतापूर्वक भूमिका निर्वाह गर्ने गरेको बताए।

कार्यक्रममा सहभागी पत्रकारहरुले पछिल्लो समय पत्रकारिता क्षेत्रमा युटुब लगायतका सनमाजिक सञ्जालहरु हावि हुँदै गएका प्रति काउन्सिल सजग रहनु पर्ने बताएका थिए। कार्यक्रममा सुर्खेतमा क्रियाशील झण्डै ३० बढी पत्रकारहरुको सहभागिता रहेको थियो।

# कालीकोट जिल्लाकै नमूना स्याउ फोइमहादेवमा

**युग संवाददाता**
**कालीकोट, १३ वैशाख ।**

कालीकोट जिल्लाकै नमूना स्याउ बगैँचा तिलागुफा नगरपालिका-३ फोइमहादेव गाउँमा रहेको छ। स्थानीय नवीन हमालले चुली कर्णाली एग्रो फार्ममार्फत् तीन वर्षदेखि सञ्चालन गरेको स्याउ बगैँचा जिल्लाकै नमूना स्याउ बगैँचा हो।

शिक्षकसमेत रहेका हमालले फोइमहादेवको दहचौरमा रहेको महादेव माध्यमिक विद्यालयको आठ हेक्टर जमिन लिजमा लिएर सञ्चालन गरेको नमूना स्याउ बगैँचामा फुजी, गाला र गोल्डेन जातका गरी ११ हजार स्याउका बिरुवा रोपिएका छन्।

हमालले चुली कर्णाली एग्रो फार्म दर्ता गरेर नमूना स्याउ बगैँचा निर्माण गरेका हुन्। फोइमहादेव गाउँमा फुजी स्याउ उत्पादनको सम्भावना रहेको र स्याउबाट मनग्य आम्दानी लिन सकिने भएकाले आफूले शिक्षण पेशाबाट कमाएको पैसासमेत खर्च गरेर स्याउ बगैँचा निर्माण गरेको हमालले बताए। ' गाउँमै फुजी जातको स्याउको नमूना बगैँचा बनाएर उत्पादन सुरु गर्न थालेको छु", उनले भने, "अहिले मैले लगाएको फुजी जातको स्याउले राम्रो उत्पादन दिन थालेपछि गाउँका अरुले समेत स्याउ रोप्न थालेका छन्।"

वार्षिक दुई लाख ५० हजार महादेव माध्यमिक विद्यालयलाई भाडा तिरेर लिजमा लिएको जग्गामा अहिले थरिथरिका स्याउ फुलेको देख्दा आफूलाई खुसी लाग्ने गरेको हमालले बताए। "बगैँचामा हालसम्म दुई करोड लगानी गरिसकेको छु", उनले भने, "यस वर्षमात्र मैले पाँच हजार स्याउका बिरुवाबाट फल उत्पादन गर्ने लक्ष्य राखेको छु।"

बगैँचा व्यवस्थापनका लागि स्याउ जोन जुम्ला कार्यालयबाट ५० प्रतिशत अनुदानमा ४२ लाखमात्र सहयोग पाएको हमालले बताए। "स्याउ उत्पादनमा कालीकोटलाई चिनाउनु छ। बाँकी लगानीअनुसारको उत्पादनका लागि बगैँचा गोडमेलमा छौँ", उनले भने, "यो स्याउ बगैँचामा दुई जनालाई निरन्तर रोजगारी दिएको छु।"

तिलागुफाको फोइमहादेव गाउँमा धेरै किसानले स्याउ बगैँचा विस्तारका लागि कार्यालयबाट अनुदान लिएको जिल्ला कृषि विकास कार्यालय कालीकोटले जनाएको छ।

चुली कर्णाली एग्रो फार्मले सञ्चालन गरेको फोइमहादेवको दहचौर स्याउ बगैँचा जिल्लाकै नमूना बगैँचा रहेको जिल्ला कृषि विकास कार्यालय कालीकोटका प्रमुख भरत बस्नेतले बताए। "यो बगैँचालाई आवश्यक थोपा सिँचाइ, स्याउमा लाग्ने रोग नियन्त्रणका लागि विषादिदेखि अन्य अनुदान सहयोग गरेका छौँ", उनले भने, "नमूना स्याउ बगैँचा निर्माण गरेर कालीकोटमा स्याउखेतीको सम्भावना राम्रो छ, भन्ने सन्देश दिएको छ।" कालीकोट जिल्लाको तिलागुफा नगरपालिका, महावै गाउँपालिका, पचालझरना गाउँपालिका र रास्कोट नगरपालिकाका एक हजार तीन सय हेक्टर क्षेत्रफलमा स्याउ उत्पादन हुँदै आएको जिल्ला कृषि विकास कार्यालय कालीकोटले जनाएको छ।

## कहिले...

वीरेन्द्रनगरमा पानीको हाहाकार कहिले अन्त्य होला।'

वीरेन्द्रनगरमा व्यवसायका लागि टोलटोलमा खनिएका बोरिङका कारण इनार सुक्दै गएका हुन्। भने पानीको मुहान घट्न थालेपछि सार्वजनिक कुवाहरु सुक्न थालेका छन्। वीरेन्द्रनगर-५ चिसापानी स्थित गणेश मन्दिर नजिक रहेको सार्वजनिक कुवा पनि सुक्न थालेको छ।

'दैनिक हजारौं घरधुरीलाई पानीको प्यास मेटाउने यो कुवा सुक्दै गएको छ' स्थानीय रुपा गुरुङले भनिन्, 'जहिल्यै वीरेन्द्रनगरमा पानीको हाहाकार हुन्छ, नगरपालिका र प्रदेश सरकार के हेरेर बसेका छन्? कुरा गर्ने काम नगर्ने हो भने अब हामी रित्ता भाँडा लिएर नगरपालिका धाउछौं।'

खानेपानीको समस्या जतातते उस्तै रहेपनि इनार समेत सुक्न थालेपछि सरसफाइ गर्न समस्या भएको वीरेन्द्रनगर-१० का लक्ष्मी गौतमले बताए। उनले भने, 'इनारमा पानी रहेनछ, ट्याकीमा पानी भर्न मोटर चलाउदाँ मोटर नै बिग्रीयो।'

यी उदाहरण पात्र र घटना भएपनि वीरेन्द्रनगरमा पानीको अभावले सबैलाई सास्ती भएको छ। त्यसैमा झन् भाडामा बस्नेहरु ठुलो मारमा छन्। 'इनारमा पानी छैन, घरभेटीले ट्यांकरको पानी किन्दा बराबर पैंसा तिर्नुपर्ने बाध्यता छ' बजारमा भाडामा बस्दै आएका जगत हमालले भने, 'हिजोआज त कोठा भाडा भन्दा पानीमा बढि पैंसा जान थाल्यो, अब सुर्खेत छोड्ने सोचमा छुँ।'

## दिर्घकालिने...

२०८० जेठ ४ गतेदेखि वीरेन्द्रनगरमा कार्यालय स्थापना गरी काम भइरहेको छ। २०८० असोज १२ गते आयोजना निर्माणका लागि टेन्डर आह्वान गरिएको थियो। जसमा सात वटा टेन्डर परेका थिए। परेका सात वटा टेन्डर मध्ये पाँच टेन्डर छनोटमा परेका छन्। प्राविधिक छनौंटका आधारमा पाँच वटा टेन्डर छनोट गरिएको र अब ती टेन्डरको आर्थिक प्रस्तावका आधारमा छनौंट गरिने आयोजनाले जनाएको छ।

आयोजना प्रमुख सञ्जीवकुमार शाहका अनुसार पहिलो चरण अन्तर्गतका काम धमाधम भइरहेका छन्। आयोजना निर्माणका लागि सात वटा टेन्डर परेको र ती मध्ये पाँच वटा प्राविधिक प्रस्तावका आधारमा छनौंट भएको उनले बताए।

उनका अनुसार अब आर्थिक प्रस्तावका आधारमा छनोट गरिनेछ। खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजनाअन्तर्गत पहिलो चरणको काम भएको थालिएको हो। वीरेन्द्रनगर १ देखि १६ सम्मका सबै वडामा खानेपानी तथा सरसफाइको अवस्थाको विश्लेषण पनि गरिएको छ। ६ वटा सूचकका आधारमा अवस्था विश्लेषण गरिएको हो। १६ वटै वडाको अवस्था विश्लेषणका आधारमा आयोजनाको काम सुरु गरिनेछ। पहिलो चरणअन्तर्गत अबको एक महिनामा ठेक्का सम्झौता गर्नेगरी काम अघि बढाइएको छ।

त्यसैगरी दोस्रो चरणको काम पनि सुरु गरिएको आयोजनाले जनाएको छ। अहिले दोस्रो चरणअन्तर्गत सर्वे डिजाइनको काम भइरहेको छ। पहिलो चरणको कामको ठेक्का सम्झौता गरेर दोस्रो चरणको काम सुरु गरिने आयोजनाले जनाएको छ। हाल आयोजनाको भौतिक संरचना निर्माण गर्ने स्थानमा वन क्षेत्रले ओगटेको छ। आयोजना निर्माणका लागि कूल लागतको ७० प्रतिशत खर्च विश्व बैंकले बेहोर्ने छ। भने बाँकी ३० प्रतिशत रकम संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा लगानी गरिने छ।

पहिलो चरणमा संरचना निर्माणका लागि तीन अर्ब २३ करोड रूपैयाँ लागत अनुमान छ। जसअन्तर्गत मुहान इन्टेक, रिर्जब ट्याङ्की, पाइपलाइन निर्माण र दोस्रो चरणमा सेवा विस्तारका काम हुनेछन्। आयोजनाका निर्माणका लागि कुल ६ अर्ब लाग्ने अनुमान छ। भेरी पुल र झुप्रा खोलाको दोभान नजिकबाट पानी पम्पिङ गरी अमृतडाँडा ल्याउने र त्यहाँबाट उपत्यकामा वितरण गर्ने योजना छ।


**कर्णाली प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**

**स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी तथा नवीकरण सम्बन्धी जरुरी सूचना**

प्रस्तुत विषयमा कर्णाली प्रदेश सरकारले स्वास्थ्य सेवा नियमावली २०८० स्वीकृत गरी कार्यान्वयन गरिसकेको सन्दर्भमा प्रदेशभित्र स्थापना हुने तथासञ्चालनमा रहेका स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवाहरुको सञ्चालनको क्रमसः यजाजत लिइ तथा नविकरण गरी सेवा सञ्चालन गर्नुपर्ने हुँदा कर्णाली प्रदेश स्वास्थ्य सेवा नियामवली २०८० को अनुसुची ६ बमोजिमको इजाजत प्राप्त गर्न दिने निवेदनको ढाँचा र इजाजत लिसकेका र नवीकरण गर्नुपर्ने स्वास्थ्य संस्थाहरुको हकमा अनुसुची-७ बमोजिमको नवीकरणका लागि दिइने निवेदनको ढाँचाम तपसिलमा उलेखित ािकायहरुमा आपनो स्वास्थ्य संस्था तथा सेवाको इजाजत वा नविकरणका लागि निवेदन दिन यो सुचना जारी गरिएको छ। यदि समयमा नै इजाजत वा नविकरण नगरेमा प्रचलित कानुन बमोजिम जरिवाना गरिने ब्यवहोरा समेत सबैको लागि जानकारी गराइन्छ।
साथै इजाजत प्राप्त स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थाभन्दा बाहिरकबाट घुम्ति शिविर वा घुम्ति अस्पताल मार्फत विशेषज्ञ स्वास्थ्य सेवा सञ्चालन गर्न चाहेमा सम्बन्धित जिल्लास्थित स्वास्थ्य कार्यालयमा निवेदन दिएपछि मात्र सञ्चालन गर्न गराउन हुन अनोरोध गरिन्छ।

| संस्था | इजाजतको लागि | नविकरणकोलागि निवेदन निकाय |
|---|---|---|
| पच्चीस शैया देखि दुईसय शैयासम्मका जनरल तथा विशेषज्ञ अस्पताल | निवेदन दिने निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| पच्चीस देखी पचास शैया सम्मका आयुर्वेद अस्पताल | सामाजिक विकास मन्त्रालय (साविम) | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| डेन्टल क्लिनिक/विशेषज्ञ/क्लिनिक/पोलिक्लिनिक | | सम्बन्धीत जिल्लाको जन/स्वास्थ्य सेवा कार्यालय |
| आायुर्वेद, होमियोप्याथि, प्राकुतिक चिकित्सा, आम्ची पोलिक्लनिक | | सम्बन्धीत जिल्लाको जन/स्वास्थ्य सेवा कार्यालय |
| आँखा उपचार केन्द्र | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत, |
| "सी" वर्गको प्रयोगशाला | | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| "ख" श्रेण्मीको रेडियो इमेजिङ्ग सेन्टर | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत |
| पुनस्थापना केन्द्र पच्चीस शैयासम्म | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत |

**पुनश्च:** यस बाहेकका स्वास्थ्य संथाहरुको हकमा स्थानीय तह र संघीय सरकारको अधिकार क्षेत्र पर्ने हुँदा सोही बमोजिम गर्नहुन अनुरोध छ।

## मलामी गएका व्यक्ति भेरी नदीमा बेपत्ता



**युग संवाददाता**
**रुकुम पश्चिम, १३ वैशाख ।**

रुकुम पश्चिमको चौरजहारी नगरपालिका-३ रानीघाटमा मलामी गएका व्यक्ति भेरी नदीमा बेपत्ता भएपछि खोजी कार्यको लागि सशस्त्र प्रहरीको गोताखोर परिचालन भएको छ।

चौरजहारी ९ कोटजहारी बस्ने ६१ वर्षीय नारायण खड्का १२ वैशाखमा मलामी गएको बेला नुहाउने क्रममा डुबेर बेपत्ता भएका थिए। सशस्त्र प्रहरी बल नेपाल नं. ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेतबाट ६ जनाको गोताखोर टोली बिहीबार उनको खोजी कार्यको लागि गएको छ।

आज दिउँसो ३ बजेदेखि खोजी कार्य गरेको थियो। शुक्रबार बिहानैदेखि पुनः खोजी सुरु गर्ने प्रहरीले जनाएको छ।

## जुम्लाको गिडिदहको नापजाँच गरियो

**गोल्डेन बुढा**
**जुम्ला, १३ वैशाख ।**

जुम्लाको तातोपानी गाउँपालिका-४ मा अवस्थित पर्यटकीय स्थल गिडिदहको नापजाँच प्रतिवेदन सार्वजनिक गरिएको छ। काठमाडौं विश्वविद्यालयले गरेको अध्ययनका आधारमा प्रतिवेदन सार्वजनिक गरिएको हो।

काठमाडौं विश्वविद्यालयका उपप्रध्यापक रामदेवि तचामो शाहले सार्वजनिक गरेको अध्ययन प्रतिवेदन अनुसार गिडिदहको सानो र ठुलो दहको गरी कुल तालको गहिराई ४२.३ मिटर, लम्बाई १ हजार ५ सय १० मिटर छ।

जसमा ठुलो तालको लम्बाई १ हजार ६० मिटर र चौडाई ३ सय १० मिटर छ। भने त्यस्तै गिडिदहकै सानो तालको लम्बाई ४ सय ५० मिटर, चौडाई २ सय १० मिटर र गहिराई २१.३ मिटर रहेको शाहले बताइन्।

समग्र गिडिदह २९.११ हेक्टर क्षेत्रफलमा फैलिएको उनी बताउँछिन्। गिडिदह वरिपरि राष्ट्रिय महत्व बोकेका १८ प्रकारका चरा, ७ प्रकारका स्तनधारी जनावर र ७४ प्रकारका चराचुरुङ्गी रहेको अध्ययन प्रतिवेदनमा उल्लेख छ।



पछिल्लो समय अध्ययन गरिएको जुम्लाको डिगिदह तालको गहिराई ४२.३ मिटर छ। जुम्लाको गिडि दह (ताल) कर्णालीको तेस्रो ठुलो तालमा गणना भएको छ। गिडिदह तालको अध्ययन गर्नको लागि विश्वविद्यालयको टिमले ९ दिन लगाएर लम्बाई, चौडाई, गहिराई, वन्यजन्तु, रुख विरुवा र क्षेत्रफल लगायतका पक्षको अध्ययन गरेको थियो।

तातोपानी - ४ का वडा अध्यक्ष अमर वहादुर रोकायाले समुन्द्रि सहत देखि ३ हजार ४ सय ८५ मिटर उचाईमा गिडिदह रहेको बताए। कर्णाली राजमार्गको हाँकुबाट गिडिदह सम्मको दुरी २९ किलोमिटर छ। गिडिदह सम्म पुग्ने बाटोमा फूलचौल्या र बाईस पाटन लगायतका पर्यटन क्षेत्र पर्छन्। पूर्वाधार विकासका लागि डिपिआर, वातावरणीय प्रभाव मूल्यांकन, धर्मशाला र पदमार्ग निर्माण लगायतका काम भएको छ।

गिडिदह सम्मेलन गरी गिडिदह घोषणापत्र समेत सार्वजानिक गरिएको अवगत गराएका थिए। तातोपानी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत तिर्थ बहादुर कठायत राष्ट्रिय ताल संरक्षण समितिको ५ लाख र गाउँपालिकाको १० लाख गरी जम्मा १५ लाख रुपैयाँको लागतमा दहको नापजाँच गरिएको बताउँछन्।

गिडिदह सम्म जाने २७ सय मिटर घोरेटो बाटो छ। तातोपानी गाउँपालिका अध्यक्ष नन्द प्रसाद चौलागाईका अनुसार पहिलो पटक २०७९ असोज ३ देखि ६ गते सम्म ८४ सदस्यीय सरकारी टोली गिडिदह पुगेको थियो।

## ८० औं जन्मदिनमा नागरिकता



**युग संवाददाता**
**मुगु, १३ वैशाख ।**

जिल्लाको मुगुम कार्मारोङ गाउँपालिका-५ सेरोग गाउँका नोन्जोम कामीले ८० वर्षको उमेरमा नागरिकताको प्रमाणपत्र प्राप्त गरेका छन्। विक्रम संवत् २००० साल वैशाख १२ गते जन्मिभएका उनीलाई उनको जन्मदिनको अवसर पारेर प्रमुख जिल्ला अधिकारी टोपेन्द्र केसीले नागरिकता प्रमाणपत्र प्रदान गरेका हुन्।

पैतिस बर्षअघि कामीका श्रीमान् सोनाम तेन्जिनको मृत्यु भएको थियो। विकट गाउँ जहाँबाट जिल्ला सदरमुकाम गमगढी पुग्न दुई/तीन दिन हिँड्नुपर्ने भएपछि जान आउन समस्या हुँदा र नागरिकताको आवश्यकताबारे जानकारी नहुँदा त्यसै बसेको उनले बताए।

'जब श्रीमानको मृत्यु भयो घरमा कमाउने मान्छे भएन दुई छोरा पाल्न धौधौ भयो। सरकारले भत्ता दिन्छ भनेर नागरिकता लिन खोज्दा श्रीमान् नहुँदा नागरिकता बनेन,' उनले सुनाए। श्रीमानको नागरिकता, माइती पक्षको सनाखत र नागरिकता पाउनका लागि आवश्यक पर्ने अनुसूचीसहित अन्य कागजात पुगेपछि र ढिला नागरिकता लिनाको कारण बारे विश्वास लाग्दो प्रमाण जुटेपछि उनको नागरिकता बनाएको प्रमुख जिल्ला अधिकारी केसीले बताए।

असी बर्षमा पनि नागरिकता नबन्दा सिङ्गो परिवारै राज्यबाट पाउने सेवा सुविधाबाट वञ्चित भएको थियो। विभिन्न सञ्चार माध्यममा उनका बारेमा समाचार सार्वजनिक भएपछि स्थानीय समाजसेवी सोनाम लामा कार्मारोङ र वडाध्यक्ष दावा साङवा तामाङले उनको नागरिकता बनाउन सबै प्रक्रिया गरेका थिए।

## वितरणमुखी...

नबनाउने जुन कुरा छ, त्यो कुरा मलाई लाग्छ यसलाई सच्याएर जानुपर्ने हुन्छ। विगतका कतिपय बहुवर्षिय योजनाहरुमा प्रदेश सरकारको उल्लेखनीय रकम खर्च भइसकेको एउटा अवस्था छ।

यस्ता आयोजनाहरु समयमै सक्ने गरी प्राथमिकताका साथ वजेट व्यवस्थापन गर्नुपर्ने अवस्था रहन्छ भने, वजेटको सिमाले वा आकारले साथ दियो भने कतिपय तपाईँले भने जस्तै जनअपेक्षा अनुकुलका कतिपय कामकारवाही वा योजनाहरु समावेश गरेर अगाडि बढ्नु पर्ने अवस्था छ।

यसमा सरकार एक्लैले मात्रै सक्ने कुरा भएन। कर्णालीको असमानतासँग लड्न सबैको हातेमालोको खाचो छ। कर्णालीमा प्रतिष्ठा नभई समृद्धिको यात्रामा एकमत हुन आवश्यक छ। जसका लागि सम्बद्ध सबैसँग समन्वय, सहकार्य र समझदारीका साथ अगाडि बढ्ने पत्यत्न रहने छ, र यो जरुरी पनि छ।

**सत्ता साझेदारसँग कसरी सहकार्य हुन्छ ?**

सरकार चलाउने विषयमा कुनै पनि विमत्ती छैन। सपथ लिएको लामो समयसम्म मन्त्रिमण्डल विस्तार नगरेको भन्ने परेको छ। हामी दलिय प्रणालीमा छौं। गठवन्धनमा भागवण्डाको विषयमा केही विमत्ति हुनुलाई अन्यथा लिनुपर्ने विषय जस्तो लाग्दैन।

हामी जुन धरातलबाट आएको भएपनि हाम्रो एउटै ध्येय हो कर्णालीको समृद्धि। यसमा सत्ता साझेदार मात्र होइन प्रतिपक्षलाई समेत मिलाएर लैजाने कुरामा दुई मत छैन। अबको एक दुई दिनमा सरकारले पूर्णता पाउँछ।

## सुर्खेतमा...

सम्मेलनमा सहभागी गराइने हमालले बताए।

यो सम्मेलनले युवा वैज्ञानिकहरूलाई खोज अनुसन्धानमा लाग्नका लागि अझै प्रेरित गर्ने मध्यपश्चिम विश्वविद्यालय ग्रयाजुट स्कुल अफ साइन्स एण्ड टेक्नोलोजीका डिन सुदीप ठकुरीले बताए।

'कर्णालीमा राष्ट्रियस्तरको पहिलोपटक युवा वैज्ञानिक सम्मेलन हुँदैछ, यसले हाम्रा विज्ञान क्षेत्रका विद्यार्थीलाई खोज अनुसन्धान गर्नका लागि प्रेरित गर्ने अपेक्षा छ', उनले भने। सम्मेलनले विज्ञान

**गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं ।**

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्,
- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**घर निर्माण कार्यको लागि सम्झनुहोस्**

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस्।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

**घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा**

१ घर जग्गा बिक्री गर्ने वास्तविक व्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ।
**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरु**
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

**हटलाइन मर्मत सेवा फोन गर्नुहोस । समस्या सुनाउनुहोस समाधान पाउनुहुनेछ ।**

धेरै समस्याको समाधान अव एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा।
२) फर्निचर (कार्पेन्टर) मर्मत सेवा।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा।
६) पाथरुम, शौचालय मर्मत सेवा।
७) कोठा सार्ने गाडी सुविधा।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि
२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

**सामेल निर्माण सेवा**
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८

भवानी छापाखाना DIGITAL COLOUR PRINTER
सुलभ दर तथा गुणस्तरीय छपाई तोकिएकै समयमा
**क्यालेण्डर**
स्पाइरल | साधारण | टेबल
के तपाई २०८१ सालको क्यालेण्डर छपाईको लागि विश्वसनीय छापाखानाको खोजीमा हुनुहुन्छ ?



•Screen Print •Offset Print •Digital Print
B.C. Group Karnali 2070
24 Years in Printing Experience
Quality & Quantity Printing House
संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20" × 30" & 19" × 25")
Multicolour Printing Machine
25000 Printing Per Hour



**भवानी छापाखाना**
Industry :- Birendranagar Industrial Area
: pressbhawani@gmail.com
Office :- Birendranagar-6, Surkhet
: 083-521615, 9858067999

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालय: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।